# सुनछहारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

पोबाङ, रोल्पा

प्रदेश नं. ५, नेपाल

## मोटरसाईकल खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७४/१२/१७ गते)

१) यस गाउ“पालिकालाई आवश्यक पर्ने मोटरसाईकलहरु खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनको कार्यालय समय सम्ममा यस कार्यालयमा अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, अद्यावधिक फर्म दर्ता प्रमाण पत्र, मू. अ. कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र, आ. व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र वा कर विवरण पेश गरेको प्रमाण पत्र र उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयको नाममा सम्बोधन गरिएको सक्कलै Manufacturer's Authorization Letter तथा अन्यको हकमा नेपालमा रहेको आधिकारीक एजेण्ट (Importer) बाट स्थानिय एजेण्ट (Authorized Dealer) लाई यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरिएको सक्कलै पत्र निवेदन साथ पेश गरी नियमानुसार दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी बुझाई) दरभाउपत्र फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

३) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ ।

४) दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस गाउ“पालिका कार्यालयको नेपाल बैंक लिमिटेड, रोल्पामा रहेको खाता नं. ०७६०३००००००००४००१००४ दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बै·बाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखी ७५ दिन म्याद भएको जमानीपत्र (विडवण्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६) प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

७) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन ।

९) अन्य थप केही कुराहरु बुझ्नु परेमा यस गाउँपालिका कार्यालयको फोन नं. ९७५८५०३६५३ वा ईमेल ठेगाना ito.sunchhaharimun@gmail.com वा www.sunchhaharimun.gov.np मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| १ | Motorcycle, Engine Displacement Capacity not less than 145 CC & others are as per approved technical specification. | थान ४ (चार) | १,०००/- | कबोल अङ्कको न्यूनतम २.५ |

प्रमुख प्रशासकिय अधिकृत